# वालिङ नगरपालिकाको नीति तथा कार्यक्रम - २०७४

वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा
प्रदेश नं. ४, नेपाल

स्वीकृत मिति : २०७४।०३।३० गते

# वालिङ. नगरपालिकाको नीति तथा कार्यक्रम - २०७४

## (क) कृषि नीति तथा कार्यक्रम

- गाँउमा उत्पादन बजारमा बजारीकरण गर्ने ।
- वालिङ. नगरको १४ वटा वडाका प्रत्येक एक गाँउलाई प्राविधिक तालिम उपलव्ध गराई एक गाँउ एक उत्पादन कार्यक्रम प्रत्येक ग्रामीण घरमा कम्तीमा एक घर एक रोजगार श्रृजना गर्ने ।
- गाँउ गाँउमा आर्थिक विकासका लागि उत्पादनमूलक घरेलु कार्यक्रम लागू गर्ने ।
- आधुनिक प्रविधियुक्त कृषि कार्यक्रमलाई प्रोत्साहित गरिने छ । पशुपंछी पालन र कृषिमा आत्मनिर्भर हुने कार्यक्रमलाई अगाडि वढाइने छ ।
- व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुरयाउने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।
- कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड दिइनेछ ।

## (ख) पूर्वाधार नीति :

- शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ को पूर्ण पालनामा जोड दिईनेछ ।
- Smart Waling कार्यक्रम अन्तरगत नगर क्षेत्रका घरहरुमा Pink Colour का घरहरु र गाँउ क्षेत्रका घरहरुमा सम्बन्धित गाँउ/वडाले सिफारिस गरे वमोजिमको colour का घरहरु रहनेछन । Smart City को colour मा Pink रंगको स्मार्ट वालिङ.को लोगो रहनेछ ।
- प्रत्येक वडाका सडक, खानेपानी, सिंचाई र फोहोर व्यवस्थापन गर्न योजना बैंक निर्माण गरि सम्बन्धित क्षेत्रवाट कार्यान्वयन गर्ने ।
- नगरपालिका भित्रका सवै वडामा एउटै प्रणालीको विद्युत उपलव्ध गराउन र पूर्ण रुपमा लोडसेडिङ. हटाउन पहल गरिनेछ ।
- वैकल्पिक उर्जाको रुपमा सौयै उर्जा, शुन्य फोहोर मैलाको रुपमा वायो ग्यासको विकास गरिनेछ ।
- पूरानो बजारहरुलाई क्रमशः सुधार गरि सडक चौडा गर्ने, ढल तथा नालाको व्यवस्था गरिनेछ ।
- नयाँ बजार र नयाँ वस्ती विकासका लागि योजनावद्ध विकास गरिनेछ । Land Pooling को माध्ययमवाट व्यवस्थित बजार र वस्तीको विकास गरिनेछ ।

प्रमाणित गर्ने :

.................................

**दिलिप प्रताप खाँण**

**( नगर प्रमुख )**

- नगरको सवै वडाहरुमा ठूला योजनाहरु सडक, खानेपानी, सिंचाई एवं अन्य पूर्वाधार निर्माणमा DPR निर्माण गरि व्यवस्थित रुपमा कार्य गरिनेछ । नगरभित्रका पूर्वाधार निर्माण गर्दा वडास्तरीय, नगरस्तरीय र प्रान्त/संघस्तरीय योजना गरी ३ तहमा वर्गिकरण गरि कार्यान्वयन गरिनेछ ।
- सानातिना भैपरी आउने पूर्वाधार निर्माण गर्नका लागि कूल पूजीगत बजेटको वडा स्तरीय योजनाका लागि कम्तिमा कम्तिमा १० प्रतिशत र नगरस्तरीय योजनाका लागि ५ देखि १० प्रतिशत बजेट मर्मत सम्भार कोषमा विनियोजन गरिनेछ ।

- लथालिड. पोलका तारहरुलाई व्यवस्थित गराउन लगाईने छ ।
- नगरपालिका भित्रका राजमार्गलाई ४ लेनको वनाईनेछ ।
- नगरस्तरीय सडकलाई २ लेनको वनाईनेछ । साथै वाह्रै महिना चल्ने वनाईनेछ ।
- नगर यातायात र नगर ग्रामीण यातायातलाई व्यवस्थित वनाइनेछ र सुरक्षित वनाईनेछ । साथै मापदण्ड तोकि रुट परमिटको व्यवस्था गरिनेछ ।
- पार्किड.. व्यवस्थित गराईनेछ । सडकमा पार्किड. निषेध गरिनेछ ।
- वडा कार्यालयको भवन नभएको ठाँउमा क्रमशः वडा कार्यालय भवनको निर्माण गरिनेछ ।
- नयाँ नापी गराई वाटोलाई लगत कट्टा गरी सार्वजनिक वनाईनेछ ।

**(ग) समावेशीकरण/महिला/बालबालिका सम्बन्धि नीति :**

- लोपोन्मुख जातीहरु माझी, कुमाल र दलितहरुका लागि विशेष कार्यक्रम उपलव्ध गराईनेछ ।
- बालबालिकाको चौतर्फी विकासका लागि प्रतियोगितात्मक, मनोरञ्जनात्मक र साहसिक कार्यक्रमहरु सञ्चालन गरिनेछ
- बालमैत्री स्थानीय शासन अनुरुपमा विविध कार्यक्रमहरु सञ्चालन गरिनेछन ।
- भिन्न क्षमता भएका नागरिकका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछन ।

**(घ) पर्यटन नीति :**

- आन्तरिक एवं वाह्य पर्यटक भित्रयाउन सहयोग पुग्ने खालका पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र विकास गरिनेछ ।
- आन्तरिक पर्यटनका लागि पार्कको निर्माण गरिनेछ ।
- विभिन्न पर्यटकीय स्थानको पूर्वाधार निर्माण गरि होमस्टे, प्राचीन संस्कृतिको अध्ययन केन्द्र, मनोरञ्जनात्मक वातावरणको विकास गरिनेछ ।
- प्यारा ग्लाईडिड., क्यानोनिङ, जल पर्यटन जस्ता साहसिक पर्यटकलाई सहयोग पुग्ने खालका पूर्वाधार विकास एवं प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ ।

**(ड.) आन्तरिक आय वृद्धि/कर/राजश्व परिचालन सम्बन्धी नीति :**

- आन्तरिक आयमा सवल वनाउन राजश्वमा सुधार गरी सहज सरल र दायरा फराकिलो वनाई सर्वसुलभ वनाउने ।
- आन्तरिक आय वृद्धि गर्नका लागि राजश्वका /करका विभिन्न क्षेत्रहरुको पहिचान गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन वापत प्रत्येक घरधुरी, संघसंस्था, कार्यालय, व्यापारिक पसललाई कर/शुल्क लगाईनेछ ।
- टेलिफोन टावर, केवल लाइन र होर्डिड. वोर्डमा कर लगाईनेछ ।
- एकीकृत सम्पत्ति करलाई १४ वटै वडा कार्यालयमा विस्तार गरी लागू गरिनेछ ।
- नगरपालिकाले विभिन्न क्षेत्रवाट प्राप्त गर्ने कर, शुल्क तथा दस्तुरलाई प्रभावकारीरुपले संकलन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायसँग सहकार्य गरिनेछ ।
- राजश्व प्रशासन शाखालाई थप सुदृढ गर्दै लगिनेछ ।
- घर नक्शापास नियमित गर्दा लाग्ने जरिवाना रकमलाई नक्शापास दस्तुर वरावर लाग्ने गरिएको छ ।

**(च) वन/वातावरण /जनस्वास्थ्य/सरसफाई नीति :**

- सफा र हरियाली नगरपालिका निर्माणका लागि हरित सडक, खोला खोल्सामा वृक्षा रोपण, बाँस रोपण, रुख तथा बाँसद्धारा तटवन्धन , सामुदायिक भवनको संरक्षण, खाली ठाँउमा वृक्षा रोपण आदि कार्य गरिने छ ।
- एक घर एक रुखको विरुवा, घरको छत र वरण्डामा कौशि खेतीको शुरुवात गरी नगरलाई सफा र हरियो नगरको रुपमा विकास गरिनेछ ।
- आधिखोलाको सफाईमा विशेष ध्यान दिइने छ । नालाको पानी मिसाउदा सफा गरेर मात्र मिसाउने व्यवस्था गरिनेछ ।
- आधिखोला र सहायक खोलाको आधुनिक प्रविधि अपनाई वहुउपयोग र संरक्षण गरिनेछ ।
- सरसफाई केन्द्रको प्रभावकारितामा अरु वृद्धि गरी क्षमता विकास गर्ने । यस्ता केन्द्र वडा वडामा विस्तार गरिनेछ ।
- Zero Waste प्रणालीलाई अझ प्रभावकारी बनाई फोहोरवाट आधुनिक प्रविधि अपनाई वहुउपयोगी वनाइने छ ।
- नगरक्षेत्रमा प्लाष्टिकको फोहोरलाई निरुत्साहित गर्दै लगिनेछ ।
- नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्नेतर्फ अभियान अगाडि बढाईनेछ ।
- टिचिड. हस्पिटलको पूर्वाधार निर्माण कार्य अगाडि वढाइनेछ ।
- नगरपालिका भित्र जडिवुटी केन्द्रको रुपमा विकसित गराई आयुर्वेद महाविद्यालयको स्थापना गर्न पहल गरिनेछ ।
- सवै वडाकेन्द्र, स्वास्थ्य संस्थामा कम्तिमा एक एक वटा एम्बुलेन्सको व्यवस्था गरिनेछ ।
- प्रत्येक वडामा स्वास्थ्य चौकिको निर्माण गरी आवश्यक उपकरण उपलव्ध गराईनेछ । आवश्यक औषधि, खोपकोको वितरण समूचित रुपमा उपलव्ध गराई रिफरल केन्द्रको रुपमा विकसित गराई न..पा. केन्द्रमा आधुनिक सुविधा सम्पन्न अस्पतालको निर्माण गरिनेछ ।
- वातावरण संरक्षणका लागि जिल्ला वन कार्यालयसँग समन्वय गरी एक नगर अनेक उद्धान कार्यक्रम सफल गर्न आवश्यक कार्यहरु अगाडि वढाईनेछ ।
- विद्यमान स्वास्थ्य संस्थाको विकास र विस्तार गरी आधारभुत स्वास्थ्य सेवामा सवैको पहुँच कायम गरिनेछ ।
- स्वास्थ्य र सरसफाई सम्बन्धि जनचेतना अभिवृद्धि गरी HIV/AIDS , लागू पदार्थ तथा दुर्व्यसनी नियन्त्रण र तिनको हेरचाहको लागि विभिन्न स्वास्थ्य संस्थाहरुको सहयोग, समन्वय र साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मूल्यांकन र BIO Engineering को प्रविधि अवलम्बन गरिनेछ ।
- नगरभित्र हुने भूस्खलन, वाढी पहिरो, आगलागि, भुकम्प, आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृतिम विपत्तिवाट तुरुन्त राहत कार्य गर्न नगरपालिका, सशस्त्र प्रहरी, नेपाल प्रहरी, जिल्ला प्रहरी र नेपाल रेडक्रससँग समन्वय गरी तुरुन्त प्राथमिक राहत र दीर्घकालीन योजना वनाउन न.पा.मा विपद व्यवस्थापन केन्द्र स्थापना गरिने छ । विपद व्यवस्थापनका लागि अस्थायी Shelter को व्यवस्था गरिने छ ।

**(छ) उद्योग/घरेलु उद्योग सम्बन्धी नीति :**

- बजार क्षेत्रमा उद्योग स्थापनाका लागि पहल गर्ने ।
- घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनमा जोड दिईनेछ ।
- नगरपालिकाको निश्चित क्षेत्रलाई औद्योगिक क्षेत्रको रुपमा विकास गरिनेछ ।

- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना गर्न प्रोत्साहन दिईनेछ ।

**(ज) शिक्षा र संस्कृति सम्बन्धि नीति :**

- प्राविधिक शिक्षा, Politechnic Institute को स्थापना, मौजुदा मा.वि., नि. मा. वि. मा प्राविधिक शिक्षा सञ्चालन गर्नका लागि प्रौत्साहन गर्ने ।
- सम्पूर्ण विद्यालयहरुलाई अंग्रेजी माध्यममा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- प्लस २ र उच्च शिक्षामा विषयगत विशिष्टता कायम राख्नका लागि विद्यालय र क्याम्पस बीच समझदारी कायम राखिनेछ ।
- नगरक्षेत्र भित्रका शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर सुधारका कार्यक्रम संचालन गरिनेछ ।
- नगर भित्र शिक्षा समिति र शिक्षा शाखा कार्यालय स्थापना गरि व्यवस्थित शिक्षा प्रणालीको विकास गरिनेछ ।
- वालिङ. नगरपालिका भित्रका विद्यालयहरुको गुणस्तर वृद्धि गर्न तालिमको व्यवस्था, प्रतिस्पर्धाको वातावरण, पुरस्कार एवं दण्डको व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको समग्र व्यवस्थापनका लाीग विशेष खालका कार्यक्रम संचालन गरिनेछ ।
- सवैका लागि र सधैका लागि शिक्षा भन्ने नारालाई मूर्तरुप दिन विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- कला र संस्कृतिको विकास र संरक्षण गरिनेछ ।

**(झ) मानव संशाधन सम्बन्धी नीति :**

- नगरपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरुको कर्मचारीहरुमा Chain of Command , सेवा ग्राही प्रति उत्तरदायी र कर्मचारी आचारसंहिता निर्माण गरि लागू गरिने छ । कार्यरत कर्मचारीको आचारसंहिता वनाई कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाको व्यवस्थित विकासको लागि सल्लाहकारहरु, विषय विज्ञ सल्लाहकार, Consultant र नगरको समूचित विकास र Smart Waling का लागि आवश्यक जनशक्ति नियुक्ति गरिने छ ।
- कर्मचारीहरुलाई समय सापेक्ष विभिन्न सीपमूलक तालीम कार्यक्रम संचालन गरिनेछ ।
- शाखा प्रमुखहरुसँग कार्यसम्पादन करार गरी काम गर्ने कार्यको थालनी गरिनेछ ।
- कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गरी उत्कृष्ठ काम गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।
- नगरपालिकामा सरसफाईको काम गर्ने स्वीपरहरुले हाल खाइपाई आएको मासिक पारिश्रमिक ज्यादै न्यून भएकोले सोमा पुनर्विचार गरिनेछ ।

**(ञ) सुशासन,संगठन विकास तथा कार्यालय व्यवस्थापन सम्बन्धी नीति :**

- संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय तहको ऐन नियमानुसार नगर कार्यपालिकालाई आवश्यक पर्ने श्रोतको व्यवस्था हेरी संगठन संरचना र दरवन्दी श्रृजना गर्न Organization Development (OD) अध्ययनको आधारमा पदपूर्ति गरिने छ ।
- नगरपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त , विश्वसनियता, क्षमतायुक्त र प्रभावकारी वनाउदै अत्यावश्यक रिक्त दरवन्दीहरुमा उपयुक्त प्रक्रियावाट पदपूर्ति गरिनेछ ।

- सुशासन स्थापनाको लागि आवश्यक कानून, नियम, विनियमावली, कार्यविधि, आदिको निर्माण गरि Chain of Command निर्माण गरिने छ ।
- सवै कर्मचारीहरुको कार्यविवरण वनाई लागू गरिनेछ।
- नगरपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राहीमैत्री तुल्याउन व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिईनेछ।
- नगरपालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ।
- उत्कृष्ठ कार्य गर्ने नगरपालिकाका कर्मचारी, करदाता , उपभोक्ता समिति, संचारकर्मी, टोल विकास समितिलाई पुरस्कृत गर्ने पद्दतीको गरी यसलाई निरन्तरता दिईनेछ।
- नगर कार्यपालिकाको वैठकवाट स्वीकृत वालिङ. नगरपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीको पूर्ण पालनामा जोड दिईनेछ।
- नगरपालिकाको संगठन विकास (आ.डि.) को लाीग अध्ययन गराई सो वमोजिमका जनशक्ति पूर्ति गरिनेछ।
- नगरपालिकालाई आवश्यक मेशिनरी औजार, ढुवानीका साधन र सवारी साााधनहरु खरिद गरिनेछ।

**(ट) मर्यादा पालन सम्बन्धी नीति :**

- नगरसभा संचालन कार्यविधि २०७४ मा उल्लेखित मर्यादा पालन सम्बन्धि विविध विषयहरुलाई कडाईका साथ पालनामा जोड दिईनेछ।
- जननिर्वाचित प्रतिनिधिहरुका लागि आचारसंहिता वनाई लागू गरिनेछ।
- नगरकार्यपालिकाको वैठकवाट स्वीकृत वैठक संचालन सम्बन्धि कार्यविधिको पालनामा जोड दिईनेछ।

**(ठ) युवा तथा खेलकूद नीति :**

- खेलकूदको समूचित विकास गर्न खेलकूद समिति निर्माण गरि पूर्वाधारको निर्माण, सिकाई, प्रतियोगिता आदिको आयोजना गरिनेछ।
- वालिङ. नगरपालिकामा अवस्थित खेलकूद मैदानलाई पूर्वाधारयुक्त सुविधा सम्पन्न रंगशाला विकास गरिनेछ।

**(ड) सार्वजनिक नीजि साझेदारी नीति :**

- गाँउ नगरको रुपमा रहेको वालिङ. नगरपालिकामा गाउ नगर साझेदारी विकासको रुपमा अगाडि वढाइने छ।
- निजी क्षेत्र, सहकारी क्षेत्र र सार्वजनिक क्षेत्र बीच सहकार्यको आधारमा विकासका कार्यक्रम गरिनेछ।
- यस नगरपालिका क्षेत्रभित्र केवलकार निर्माण, मनोरञ्जनात्मक पार्क, उद्यान, पुस्तकालय, फोहोरमैला व्यवस्थापन, हाट वजार संचालन, प्याराग्लाईडिङ. जस्ता कार्यका लागि सार्वजनिक निजी साझेदारी मोडलमा काम गर्ने परिपाटीकोस विकास गरिनेछ। यसका लागि उद्योग वाणिज्य संघ लगायतका अन्य सरोकारवाला निकायसँग सहकार्य गरिनेछ।

- वालिङ. स्थित वालिङ. उद्योग वाणिज्य संघ, जेसीज, लायन, रोटरी, स्थानीय क्लवहरु, संचार संस्थाहरु, मिलेनियम ट्रेक व्यवस्थापन समितिसँग सहकार्य र साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछन ।
- उद्योग वाणिज्य संघ जस्ता निकायसँग सहकार्य गरी वजार क्षेत्रमा सि.सि.टि.भी. जडान गर्न पहल गरिनेछ ।
- मासु व्यवसायी संघ सँगको सहकार्यमा मासु पसल सुधार, पशुवधशाला निर्माण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

**(ढ) सामाजिक परिचालन तथा टोल विकास नीति :**

- टोल विकास तथा सामुदायिक संघ संस्थाहरुको सहयोग, समन्वय र सक्रियतामा सामुदायिक विकासका कार्यक्रम संचालन गरिनेछ ।
- सामुदायिक संस्थाहरु एवं लक्षित वर्ग केन्द्रित पूर्वाधार विकास, संथागत विकास, आयमूलक एवं सीपमूलक कार्यक्रम तथा क्षमता विकास सम्बन्धि कार्यक्रमहरु टोल विकास संस्था मार्फत संचालन गरिनेछ ।

**(ण) सूचना तथा संचार नीति :**

- दुरसंचार प्रणालीलाई सवै वडामा सर्वसुलभ वनाउन पहल गरिने छ। ICT प्रणालीलाई आधुनिकतम उपकरण उपयोग गरि प्रत्येक नागरिकलाई सुशुचित गरिने छ।
- नगरपालिकावाट संचालित विविध विकास कार्यक्रम, सेवा प्रवाहको अधिकतम सार्वजनिक गरी पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गरिनेछ ।
- सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न नगरपालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्ययमवाट सहज र सर्वसलभ रुपमा प्राप्त गर्न सक्ने  तथा सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ ।
- स्थानीय पत्रिका, F.M. रेडियो, केवल कार र टेलिभिजनहरु मार्फत नगरका गतिविधिहरु आवश्यकतानुसार प्रकाशन र प्रसारण गरिनेछ ।
- सूचना तथा संचार क्षेत्रको संरक्षण, प्रवर्द्धन र विकास गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।
- खोजमूलक र अनुसन्धानमूलक पत्रकारितालाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

**(त) मर्मत सम्भार सम्बन्धी नीति :**

- सवै वडाहरुमा वाह्रै महिना सवारी साधन चल्न सक्ने सडक (All weather Road) वनाउन मर्मत संभार कोष स्थापना गरी सोवाट काम गरिनेछ ।
- नगरपालिकामा रहेका पुराना सवारीसाधनहरु मध्ये चलाउन मिल्ने खालका सवारी साधनलाई मर्मत गरिनेछ र चलाउन नमिल्ने खालका सवारी साधनलाई कानूनी प्रक्रिया पुरयाई लिलाम विक्रि गरिनेछ ।
- सडक विभाग अन्तर्गतको मातहतमा निर्मित सिद्धार्थ राजमार्गको छाङछाङदी देखी वायाटारी सम्मको खण्डको वाटोलाई डिभिजन सडक कार्यालय पोखरासँग समन्वय गरी नियमित रुपमा मर्मत सम्भार गरी खाडल रहित सडक वनाउने पहल गरिनेछ ।

**(थ) सामाजिक सुरक्षा नीति :**

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई बैकिङ. प्रणाली मार्फत सरल र सहज रुपमा वितरण गर्ने नीति लिइनेछ ।

**(द) अन्य :**

- संघीय प्रहरी, प्रादेशिक प्रहरी र आवश्यकता अनुसार नगर प्रहरी विच समन्वय गरी शान्ति सुरक्षा र कानूनी नगरको रुपमा विकास गरिने छ ।
- नगरका संवेदनशिल क्षेत्रहरुमा सशस्त्र प्रहरी कार्यालयको गुल्म/गण राख्नका लागि जग्गा छनौट गरी सम्बन्धित निकायमा पहल गरिनेछ ।
- नगरपालिकाको क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुको समुचित संरक्षणको व्यवस्था गरिनेछ ।

प्रमाणित गर्ने :

.................................

**दिलिप प्रताप खाँण**

**( नगर प्रमुख )**